"समुन्नत इलाम, सम्पन्न इलामेली"

# इलाम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः– राजश्व शाखा (२०७९/८०)
च.नं. ३९५६

भानुपथ इलाम कोशि प्रदेश, नेपाल
मितिः २०८०/०३/१९

## आन्तरिक आय ठेक्का बन्दोबस्तीसम्बन्धी शिलबन्दी सोझै वार्ता/दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशन मितिः २०८०/०३/२०)

इलाम नगरपालिकाको आय ठेक्का व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम यस कार्यालयले लगाउन सक्ने देहायका कर शुल्क सम्बन्धी आन्तरिक आय ठेक्का आ.व. २०८०/८१ को लागि बन्दोबस्ती गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्था लगायत सम्बन्धित सबैमा निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक शिलबन्दी सोझै वार्ता/दरभाउपत्र आह्वानका लागि यो सूचना प्रकाशन गरिएको छ ।

### शर्तहरु

१) सोझै वार्ता/दरभाउपत्र फारम कागजात रु.१०००.०० (अक्षरेपी रु. एक हजार ठेक्का अंक ५ लाख सम्म) रु ३००० (अक्षरेपी रु. तीन हजार ठेक्का अंक २० लाख सम्म) फिर्ता नहुने गरि बुझाई यो सूचना प्रकाशन भएको मितिले तपसिल अनुसारका दिन कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखाबाट खरीद गर्न सकिनेछ । खरीदकर्ता व्यक्ति भएमा नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, प्यान/ आयकर दर्ताको प्रमाण पत्र अनिवार्य पेश गर्नु पर्नेछ । खरीदकर्ता फर्म/ कम्पनी वा संस्था भए चालु आ.व. २०७९/८० सम्मको नविरकण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र आ.व. २०७८/७९ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि समेत बुझाई यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२) रु ३ लाखभन्दा बढी ठेक अक भएको ठेक्कामा मुल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा संस्थाहरुले मात्र भाग लिन पाउने छन् ।

३) प्रमुख प्रशासकिय अधिकृतको दस्तखत तथा कार्यालयको आधिकारीक छाप नभएको र फोटोकपि गरिएको शिलबन्दी सोझै वार्ता/दरभाउपत्र सम्बन्धि कागजातलाई मान्यता दिईने छैन । साथै एक व्यक्ति/ फर्मको नामबाट खरीद गरि अर्को व्यक्ति/ फर्मको नामबाट शिलबन्दी सोझै वार्ता/दरभाउपत्र सम्बन्धि कागजात दाखिला गर्न पाईने छैन । ठेक्का पेश गर्दा शिलबन्दी सोझै वार्ता/दरभाउपत्र सम्बन्धि कागजात खरीद दस्तुर बुझाएको सक्कलै भौचर अनिवार्य पेश गर्नु पर्नेछ ।

४) शिलबन्दी सोझै वार्ता/दरभाउपत्र सम्बन्धि कागजातको खाममा ठेक्का नं., ठेक्काको नाम, ठेक्कादाताको नाम, ठेगाना, सम्पर्क नं. र छाप स्पष्ट रुपमा अनिवार्य उल्लेख गर्नु पर्नेछ ।

५) शिलबन्दी सोझै वार्ता/दरभाउपत्र कागजात तपसिलमा उल्लेखित दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । शिलबन्दी सोझै वार्ता/दरभाउपत्र कागजात सोही दिन दिनको १:०० बजे यस कार्यालयमा खोलिनेछ । शिलबन्दी सोझै वार्ता/दरभाउपत्र कागजात खोल्दा ठेक्का प्रस्तावदाता स्वयम् वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ उक्त समयमा ठेक्का प्रस्तावदाता स्वयं वा निजको प्रतिनिधि उपस्थित नभएमा शिलबन्दी सोझै वार्ता/दरभाउपत्र कागजात खोल्न कुनै वाधा पर्ने छैन । शिलबन्दी सोझै वार्ता/दरभाउपत्र कागजात दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य सोको भोलिपल्ट वा कार्यालय खुलेपछि सोही समय र स्थानमा गरिनेछ ।

६) शिलबन्दी सोझै वार्ता/दरभाउपत्र कागजात/ फारामका साथ आफूले ठेक्का कवोल गरेको अङ्कको ५% रकम जमानत वापत नेपाल बैंक लिमिटेड इलाम स्थित यस कार्यालयको धरौटी खाता नं ०४००३०००००३००००००००१ मा नगद दाखिला

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत